धनगढी उप-महानगरपालिका

स्थानीय राजपत्र

खण्ड :०७ संख्या :०५ मिति :२०८०/०३/०५

भाग-२

धनगढी उप-महानगरपालिका

धनगढी उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को पहिलो संशोधन २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०३ ।०५

राजपत्रमा प्रकाशित मिति : २०८०।०३ ।०६

प्रस्तावना: धनगढी उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

धनगढी उप-महानगरपालिकको नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र परिचय:**

क) यस कार्यविधिको नाम "**धनगढी उप-महानगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ को पहिलो संशोधन, २०८०**" रहेको छ।

ख) यो नियमावली २०८० साल श्रावण १ गते देखि लागू हुनेछ।

हालको व्यवस्था	संशोधित प्रावधान	संशोधन कारण
नियम १३७ खरिद सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचार नियम (२) को खण्ड (छ) थप गरिको छ ।	नियम १३७ खरिद सम्झौता उल्लंघन भए प्राप्त हुने उपचार नियम (२) को खण्ड (छ) थप गरेको- **"सम्झौतामा तोकिएको समयावधी भित्र निर्माणको कार्य वा खरिदको कार्य नगरेमा वा गर्न नसकेमा त्यस्तो निर्माण व्यवसाय वा खरिदकर्तालाई कार्य सम्पन्न हुन बाकी रहेको निर्माण कार्यमा लाग्ने खर्च र समयमा खरिद नगरी हुन आउने क्षतिको मूल्याङ्कन गरी सो मा लाग्ने र हुने क्षति बरावर रकम र सो रकम बराबर क्षतिपूर्ति रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ । सो व्यक्ति वा संस्थाको फर्म यस संस्थाको लागि निश्चित समयका वा सदाका लागि कालो सूचिमा राख्न सकिनेछ ।"**	नियम १३७ खरिद सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचार नियम (२) को खण्ड (छ) थप गरेका छ ।

आज्ञाले,

.....

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप महानगरपालीका

धनगढी उप-महानगरपालिका राजपत्र